# सर्वोच्च अदालत, संयुक्त इजलास
## सम्माननीय प्रधानन्यायाधीश श्री खिलराज रेग्मी
## माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
## आदेश

## रिट नं.०६९-WH-००४४

## विषयः बन्दीप्रत्यक्षीकरण

सेवा राम-----------------------------------------------------------------------
निवेदक

**विरुद्ध**

जिल्ला प्रशासन कार्यालय सिरहासमेत-----------------------------------------------
विपक्षी

यसमा निवेदकतर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ताद्वय श्री रामहरि त्रिपाठी र श्री बबिता उप्रेती तथा विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री राजेन्द्रकुमार श्रेष्ठले गर्नुभएको बहससमेत सुनियो ।

यस अदालतको मिति २०६९।९।२७ को आदेशबमोजिम सिरहा जिल्ला अदालतका स्रेस्तेदारले घटनास्थलको जाँचबुझ गरी पठाएको प्रतिवेदन व्यहोरा समेतबाट निवेदनमा उल्लेख भएबमोजिमका श्रमिकहरुलाई इँटा भट्टा कारखानाले निजहरुको इच्छाविपरीत ज्यालासमेत पूरा नदिई कार्यस्थलमा खानेबस्ने एवं लत्ताकपडा आदिको न्यूनतम बन्दोबस्तसमेत नमिलाई तथा सुरक्षा समेत नदिई श्रम शोषण एवं यौन दुर्व्यवहार समेतको नाजुक अवस्थामा बन्धक बनाई राखेको र निज श्रमिकहरुले त्यहाँबाट छुटकारा पाउन माग गरेको भन्ने देखिएको छ । त्यसरी जबरजस्ती बन्धक बनाई काममा लगाउनु बन्दीसरहको अवस्था देखिएको भै जाँचबुझ अधिकृतसमेतको टोलीले सम्बन्धित बन्धक बनाइएका व्यक्तिहरुको इच्छानुसार बन्धकमुक्त गरी अदालतकै सक्रियतामा नेपाल रेडक्रस सोसाइटी सिरहामा आश्रय दिई खानपीन एवं स्वास्थ्य उपचार गरिएको भन्ने समेत देखिएकोले निजहरुलाई बन्दीसरहको त्यस्तो अवस्थामा निरन्तर रहन दिन वा यथावत् अवस्थामा छाड्न समेत मिल्ने नदेखिएकोले ती श्रमिकहरुले इच्छा गरेमा कागज गराई निजहरुलाई आफ्नो देश भारत प्रस्थान गर्न नेपाल भारत सीमासम्म पर्याप्त सुरक्षा व्यवस्था मिलाई आफ्नो देशमा पुनरागमनका लागि सहयोग दिई पठाउने व्यवस्था गर्नुपर्ने देखियो । यस क्रममा निवेदकलगायतका श्रमिकहरुले काम गरेको इँटा भट्टाबाट पाउनु पर्ने रकमको हकमा इँटा भट्टा मालिकबाट तत्काल दिलाउन सक्ने भए सो काममा सहयोग गर्ने र सो हुन नसकेमा पनि सम्बन्धित श्रमिकहरूले कानूनबमोजिम भराई पाउन उपयुक्त उपचार खोज्न सक्ने नै हुँदा प्रस्तुत निवेदनको रोहमा निवेदनमा उल्लिखित व्यक्तिहरूलाई बन्धक

सरहको स्थितिमा बन्दी बनाई राखेको देखिँदा निजहरूलाई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३६ बमोजिम बन्धक अवस्थाबाट मुक्त गरी आफ्नो देश प्रस्थान गर्न मित्र राष्ट्र भारतको सीमावर्ती प्रशासनसँग समेत आवश्यक समन्वय गरी निजहरूलाई सुरक्षासाथ नेपाल सीमा पार गर्न दिई सो कार्य सम्पन्न भएपछि सोको प्रतिवेदन यस अदालतमा पठाउनु भनी सिरहा जिल्ला अदालतका स्रेस्तेदारलाई लेखि पठाउनू र उक्त कार्यमा आवश्यक पर्ने प्रशासनिक तथा अन्य व्यवस्थापकीय सरसहयोग सक्रियरुपमा उपलब्ध गराउनु भनी पूर्वाञ्चल क्षेत्रीय प्रशासक तथा सिरहा जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई समेत लेखि पठाई स्रेस्तेदारको प्रतिवेदन प्राप्त भएपछि मिसिलसाथ राखी नियमानुसार पेश गर्नू ।

न्यायाधीश प्रधानन्यायाधीश

संवत् २०६९ साल माघ ३ गते रोज ४ शुभम्---------------------

**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास**

**माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ**

**आदेश**

**२०६०-छ्ज-००४४**

**मुद्दा : बन्दीप्रत्यक्षीकरण ।**

सेवाराम---------------------------------------------------------१

निवेदक

**विरुद्ध**

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय सिराहा समेत -----------------१

विपक्षी

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक (३) तीनदिन भित्र विपक्षी नं. १, २ र ३ ले महान्यायाधीवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी र विपक्षी नं. ४, ५, ६, र ७ ले आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधी मार्फत लिखित जवाफ लिई उपस्थित हुनुभनी सूचना पठाई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु ।

साथै निवेदन व्यहोराबाट ठूलो संख्यामा बिनामन्जुरी खानपिनको यथोचित व्यवस्था समेत नगरी जवरजस्ती थुनाको स्थितिमा राखी काम गराएको र तत्सम्बन्धी गुनासोको सम्बोधन समेत सम्बन्धित निकायले नगरेको भन्दै बन्दीप्रत्यक्षीकरणको आदेश मागगरेको देखिएको भै यस्तो प्रकृतिको समस्यामा कुनै किसिमको विलम्ब गर्न नमिली तत्काल जाँचबुझगरी आवश्यकताअनुसार राहत सहित निकासा दिनुपर्ने स्थिति देखिएकोले निवेदनको व्यहोरा साँचो छ छैन, निवेदन व्यहोरा बमोजिम बन्धक बनाई काममा लगाएको अवस्थासमेत हो होईन सो सम्बन्धमा आवश्यक सुरक्षा मद्दतसहित अबिलम्ब विवादित कार्यस्थलमा प्रवेश गरी जो जसलाई बुझ्नुपर्छ बुझी, खानपिन बसोबास र कार्यस्थलको शर्त र वातावरण समेतको बारेमा प्रतिवेदन गर्ने, तत्काल खानपिनको व्यवस्था नभएको वा लत्ताकपडा र बसोबास असाध्य किसिमको देखिएमा सम्वन्धित इटाभट्टाको मालिककै खर्चमा तत्काल व्यवस्था गर्न लगाउने, सो हुन नसकेमा स्थानिय प्रशासन अर्थात प्रमुख जिल्ला अधिकारीसमेतको संयोजकत्वमा आवश्यक व्यवस्था गर्न

लगाउने सो गर्न नमानेमा वा हुन नसकेमा तत्काल गर्नपर्ने जो चाहिने व्यवस्था गरी आवश्यक कारवाही एवं व्यवस्था गर्न यस अदालतमा निकासाकोलागि लेखी पठाउनेसमेतको काम गर्नेगरी सिराहा जिल्ला अदालतको श्रेस्तेदारलाई जाँचबुझ अधिकृतको रुपमा काम गर्न तोकीपठाउने र उक्त काम २ (दुई) दिनभित्र सम्पन्न गरी प्रतिवेदन गर्नु भनी सिराहा जिल्ला अदालतलाई लेखी पठाई आगामी माघ ३ (तीन) गते पेश गर्नु ।

**न्यायाधीश**

इति सम्वत् २०६९ साल पुस २७ गते रोज ६  शुभम् -----------------------